# श्री ललितपुर जिल्ला अदालत

लगनखेल, ललितपुर

(प्रशासन शाखा)

विषयः वैतनिक कानून व्यवसायीका लागि दरखास्त आव्हान सम्वन्धी सूचना

सूचना प्रकाशित मिति २०७९/०३/१०

यस अदालतको मिति २०७९/०३/०९ को निर्णयानुसार यस अदालतमा २०७९ श्रावण १ देखि रिक्त हुने १ जना वैतनिक कानून व्यवसायीको पदमा रही कामकाज गर्न इच्छुक अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु.१०।– को रसीद साथ यस अदालतको प्रशासन शाखामा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१.पदः वैतनिक कानून व्यवसायी

२.अवधीः १ वर्ष

३.मासिक पारिश्रमिकः तोकए बमोजिम।

४.प्रदान गर्नुपर्ने सेवाः वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाको कार्य सम्वन्धी निर्देशिका २०७२ मा तोकिए बमोजिम।

५.दरखास्त साथ संलग्न हुनु पर्ने कागजातः

क)कानूनमा स्नातक/स्नाकोत्तर तह उत्तिर्ण गरेको चारित्रिक तथा लब्धाङ्कपत्रको प्रतिलिपि।

ख)अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी।

ग) सम्वन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपी।

घ) जनजाती/पिछडिएको वर्गको उम्मेदवार भए सो खुल्ने कागजात।

ङ) नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

६. **सम्पर्क मितिः** दरखास्त दिने अन्तिम दिनको भोलीपल्ट।

७.छनौटको किसिमः अन्तर्वार्ता र तोकियका अन्य आधारमा हुने।

८.नियुक्ति लिने अवधीः नियुक्तिका लागि छनौट भएका उम्मेदवारले छनौट भएको मितिले ७ दिनभित्र नियुक्ति लिन आउनु पर्नेछ।